लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय बर्दिया
गुलरिया, नेपाल

प.सं.:
च.नं.:

संकेतः a01
मितिः २०८२/०९/०३

## बिषयः शिलबन्दी बोलपत्रबाट वनपैदावार लिलाम बिक्रिको सूचना

प्रस्तुत बिषयमा बुद्ध आधारभूत विद्यालय भिम्मापुर, राजापुर न.पा.–७, लाहुरेटोलमा घाटगद्दी भएको तपशिलमा उल्लेखित लटका वनपैदावार जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै संक्षिप्त सूचना मिति २०८२/०९/०३ को नागरिक दैनिक पत्रीका पत्रिकामा समेत प्रकाशित गरिएको छ। मुल्य अभिबृद्धी कर वा स्थायी लेखा नम्बरमा दर्ता भई डिभिजन वन कार्यालयमा सूचिकृत भएका वनपैदावारमा आधारित इच्छुक उद्योगले (नदीजन्य पदार्थको हकमा सूचिकृत वा वनपैदावारमा आधारित उद्योग नभएपनि हुने) मिति २०८२/०९/२३ गते कार्यालय समय भित्र बोलपत्र फाराम खरिद गरी शिलबन्दी बोलपत्र दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ।

### १. लिलाम हुने वनपैदावारको बिवरण

#### (क) काठ दाउरा/अन्य वन पैदावार

दाउरा चट्टा, अन्य घन फिटमा

| प्लट | धाङ | जात | ग्रेड | थान | परिमाण | न्युनतम मुल्य रु. | संकलन खर्च रु. |
|---|---|---|---|---|---|---|---|
| **लटः** ००१-२०८२/०८३ | | | | | | | |
| 0 | ० | मसला | N | १३८ | ३९४.९१ | ४९३६३.७५ | ४६९९४.२९ |
| | | स्वामी | N | ६ | २३.९५ | २३९५.०० | २८५०.०५ |
| | | | **जम्माः** | १४४ | ४१८.८६ | ५१७५८.७५ | ४९८४४.३४ |
| **लटः** ००२-२०८२/०८३ | | | | | | | |
| 0 | ० | अन्य दाउरा | N | १ | ०.५० | २०००.०० | ४४७५.०० |
| | | | **जम्माः** | १ | ०.५० | २०००.०० | ४४७५.०० |

#### (ख) अन्य वन पैदावार (जडिबुटी तथा गैह्रकाष्ठ वनपैदावार आदि)

| लट | प्लट | जात | इकाई | परिमाण | न्युनतम मुल्य रु. | संकलन खर्च रु. |
|---|---|---|---|---|---|---|

२. माथि उल्लेखित पत्रिकामा सूचना प्रकाशित भएको मितिले २१ औ दिन २०८२/०९/२३ गते सम्म कार्यालय समय भित्र यस कार्यालय र प्रदेश वन निर्देशनालय बुटवल रुपन्देहीबाट बोलपत्र खरिद गर्न सकिनेछ। बोलपत्र खरिद गर्नको लागि प्रोप्राइटर आफै उपस्थित नभई प्रतिनिधि पठाएमा प्रोप्राइटरको मञ्जुरीनामा निवेदनका साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। बोलपत्र खरिद गर्दा निवेदन साथ आवश्यक कागजातहरु (नेपाली नागरिकताको प्रमाण–पत्र, कर दर्ता प्रमाण–पत्र, मु.अ.कर वा स्थायी लेखा नम्बर, कर चुक्ता प्रमाण–पत्रको प्रतिलिपी, फर्म नविकरण, सूचिकृत प्रमाण–पत्र आदि) संलग्न हुनु पर्नेछ।

३. बोलपत्रको मूल्य रु १००० देखि ३००० सम्म-बोलपत्र फाराममा उल्लेख भए बमोजिम ।

४. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय २०८२/०९/२४ गते दिउँसो १२ बजे सम्म।

५. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लि., ४१४०१००२०२०३०००० कार्यालय कोड ३२९०१५८०१५ मा जम्मा गरेको बैंक भौचर वा यस कार्यालयको नाममा खिचिएको बैंक ड्राफ्ट वा ६ महिना अवधिको बैंक जमानत समावेश हुनु पर्नेछ।

६. लिलाम बढाबढ हुने वनपैदावार यस कार्यालयमा सम्पर्क राखी घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

७. बोलपत्रमा सकार गरेको रकम अँक र अक्षर दुबैमा लेख्नु पर्नेछ । अँक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

८. सबै ठाउँमा दर्ता भएका बोलपत्रहरु प्राप्त हुन आएपछि निर्धारण गरिएको न्युनतम संख्याका र रितपूर्वक दर्ता भएका बोलपत्रहरु यस कार्यालयमा प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र खोल्ने बारेको सूचना कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

९. बोलपत्र खरिद गर्ने अन्तिम दिन बिदा परेमा बोलपत्र दर्ता गर्ने दिन दर्ता गर्ने समय भन्दा १ घन्टा अगावै बोलपत्र खरिद गरी तोकिएको समय भित्र दाखिला गर्न सकिनेछ र बोलपत्र दर्ता गर्ने अन्तिम दिन बिदा परे कार्यालय खुलेको दिन तोकिएको समय भित्र बोलपत्र दर्ता गर्न सकिनेछ । बोलपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दुबै दिन बिदा परे कार्यालय खुलेको पहिलो दिन बोलपत्र खरिद गरी दोस्रो दिन तोकिएको समय भित्र बोलपत्र दर्ता गर्न सकिनेछ ।

१०. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्लाबेग्लै खरिद गरी दाखिला गर्दा पनि बेग्लाबेग्लै खाममा शिलबन्दी गरी खामको बाहिर प्रष्ट लट

नोटः *चिरान काठलाई गोलिया काठको परिमाणमा प्रस्तुत गरिएको, परिमाण-काठ घनफिट, दाउरा चट्टा । ग्रेडमा N= ग्रेडिङ लागू नहुने ।

| प्लट | धाङ | जात | ग्रेड | थान | परिमाण | न्युनतम मुल्य रु. | संकलन खर्च रु. |
|---|---|---|---|---|---|---|---|

नम्बर उल्लेख गरेको हुनु पर्नेछ ।

११. लिलाम स्विकृत भएको जानकारी कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ । सूचनाको जानकारी लिने दायित्व बोलपत्रदाताको हुनेछ । सूचना टाँस भएको मितिले ४५ दिन भित्र सकार रकम, संकलन खर्च र सो संवन्धी कर समेत बुझाई तोकिएको अवधि भित्र वनपैदावार उठाई लैजानु पर्नेछ ।

१२. बोलपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार संवन्धित निकायमा सुरक्षित रहनेछ ।

१३. सकारकर्ताले रकम दाखिला गरेपछि कार्यालयबाट लिलाम गरिएको वन पैदावार २१ दिन सम्मको म्याद दिई छोडपूर्जी दिन सकिनेछ ।

१४. सूचना बमोजिम बोलपत्र पेश गरिसकेपछि सूचनाका सर्त संवन्धमा कुनै विवाद स्वत अमान्य हुनेछ ।

१५. अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

नोटः *चिरान काठलाई गोलिया काठको परिमाणमा प्रस्तुत गरिएको, परिमाण-काठ घनफिट, दाउरा चट्टा । ग्रेडमा N= ग्रेडिङ लागू नहुने ।

